# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा पाँचथर  १ न. प्रदेश नेपाल  कार्यालय नं ०२१६३,६४९०

पत्र संख्या .२०७६ ०७७

चलानी नम्बर ४४

मितिः२०७६।०४।१६

फालेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थोक्लिम्बा १ नं. प्रदेश २०७३

श्री वडा कार्यालय (सम्पुर्ण)
फालेलुङ गाउँपालिका

विषय : विपद पूर्व तयारी तथा विपद पश्चातको राहत तथा पुर्नस्थापना सम्वन्धमा ।

प्रस्तुत विषयमा विपद पुर्व तयारी तथा विपद पश्चातको राहत तथा पुर्नस्थापना सम्वन्धमा मिति ०७६।०४। १५ गते बसेको कार्यपालिकाको बैठकले गरेको तपशील अनुसारका निर्णयहरु कार्यान्वयनका लागि तँहा पठाइएको व्यहोरा अनुरोध गर्दछु।

तपशील :

१. विपदका कारण मृत्यु भएका वा मानवीय भौतिक सम्पति क्षति भएका परिवारहरुको वडा कार्यालयबाट लगत संकलन गरि तपशीलका कागजातहरु समावेश गरि क्षतिपुर्ति प्राप्तिका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने ।

    क) घटना घटेको ३५ दिन भित्र गरिएको स्थलगत सजमीन मुचुल्का ,
    ख) पिडित व्यक्तिको निवेदन तथा नागरिकता वा धनिपुर्जा को प्रतिलिपि ,
    ग) घटना झल्किने फोटो
    घ) वडा कार्यालयको सिफारिस

२. फालेलुङ गाउँपालिकामा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न वनेको ऐन, ०७५ को परिच्छेद ३, दफा ६ को उपदफा १ वमोजिम वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

Yani
०७६।०४।१६

मौसम कुचोल
प्रमुख प्रशासकीय अधिकृत

# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा पाँचथर, १ नं. प्रदेश नेपाल कार्यलय नं ०२४६९६४९०

पत्र संख्या :२०७६।०७७ मिति:२०७६।०४।१६

चलानी नम्बर : 88

३. प्रदेश सरकारले प्रदेश क्षेत्र भित्र विपदका कारणले मृत्युभएको हकमा सम्वन्धित परिवारलाई रु २ लाख र विपदका कारण घाइते भएको हकमा उपचार खर्चमा रु ५० हजार सम्म सहयोग जिल्ला प्रशासन पाँचथर मार्फत गर्ने भएकाले सो को विषयमा प्रचार प्रसार वडा मार्फत गर्ने र क्षतिपुर्ति दावि गर्न आवश्यक रहेको देहाय अनुसारका कागजातका विषयमा समेत वडा मार्फत प्रचार प्रसार गर्ने ।

क) प्रहरी सर्जमीन मुचुल्का ,

ख) गाउँकार्यपालिकाको कार्यालयको सिफारिस ,

ग) औषधि उपचारको लागि अस्पतालको सक्कलै प्रेस्किप्सन , बील भपाई आदि

076/04/16

मौसम दुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत

मौसम दुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

१) श्री जिल्ला प्रशासन कार्यालय, फिदिम पाँचथर

२) श्री सम्पुर्ण वडाध्यक्ष ज्यु